भूमिका श्रेष्ठ
Bhumika Shrestha

प्रतिनिधि सभा सदस्य
House of Representatives Member

---

**ने.सं. ११४६ तछला १ गते।**
**२०८३ जेठ ४ गते।**

च.नं. ०१६/८३।

- श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, यैं (काठमाडौं)।
- श्री पूर्वाधार विकास मन्त्रालय, सिंहदरबार, यैं (काठमाडौं)।
- श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, यैं (काठमाडौं)।
- श्री महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, यैं (काठमाडौं)।

**विषय : लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भूमिहीन सुकुम्बासीका समस्या समाधान सम्बन्धमा।**

महोदय,

उपरोक्त सम्बन्धमा, देशका विभिन्न स्थानबाट प्राप्त गुनासोका आधारमा लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (लै.त.यौ.अ.) जनसंख्याका भूमिहीन सुकुम्बासीहरूका समस्या र कानुनी जटिलता पहिचान गरी मेरो सचिवालयले एक संक्षिप्त लगत सङ्कलन तथा विश्लेषणात्मक टिप्पणी तयार पारेको छ।

नागरिकता, पहिचान एवं सामाजिक विभेदका कारण लै.त.यौ.अ. भूमिहीन सुकुमबासीहरू विद्यमान राज्यको प्रणाली र सुकुम्बासी सम्बन्धी व्यवस्थाबाट लाभान्वित हुन नसकिरहेको तथ्यलाई हृदयङ्गम गर्दै सचिवालयद्वारा तयार पारिएको उक्त ७ (सात) पानाको टिप्पणीलाई म अनुमोदन गर्दछु।

अतः यस संवेदनशील मुद्दाको गाम्भीर्यतालाई मनन गरी उनीहरूको पहिचान, तथ्याङ्क सङ्कलन र आवासको अधिकार सुनिश्चित गर्न विद्यमान नीतिमा आवश्यक परिमार्जन र पहलका लागि यो टिप्पणी आवश्यक कारबाही र निर्णयका लागि यहाँ समक्ष विनम्रताका साथ पेस गर्दछु।

धन्यवाद।

**भवदीय,**

[signature]
..............................
भूमिका श्रेष्ठ
प्रतिनिधि सभा सदस्य

---

mp.bhumikashrestha@gmail.com

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

**ने.सं. ११४६ बछला २७ गते।**

**२०८३ बैशाख ३० गते।**

च.नं. ००१/८३।

मा. भूमिका श्रेष्ठज्यू,
सदस्य, प्रतिनिधि सभा,
संघीय संसद, यें (काठमाडौँ)।

**विषय : टिप्पणी पेश गरिएको सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (लै.त.यौ.अ.) जनसंख्याका भूमिहीन सुकुम्बासी सम्बन्धी प्राप्त गुनासोका सम्बन्धमा तयार पारिएको विश्लेषणात्मक टिप्पणी माननीयज्यू समक्ष आवश्यक अध्ययन तथा संसदीय पहलका लागि सादर पेश गर्दछु।

**संलग्न :-** टिप्पणी (पाना ७)।

भूमिका श्रेष्ठको सचिवालय
दर्ता नं : ००७
दर्ता मिति : २०८३/०२/०८

**भवदीय,**

.............................
रुक्शना कपाली
सचिवालय प्रमुख
प्रमुख कानून तथा नीति विश्लेषक

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

प्रतिनिधि सभा सदस्य House of Representatives Member
mp.bhumikashrestha@gmail.com

## टिप्पणी संख्या १ ।

ने.सं. ११४६ तछला २७ । २०८३ बैशाख ३० गते ।

### लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक (लै.त.यौ.अ.) जनसंख्याका भूमिहीन सुकुमबासी सम्बन्धी प्राप्त गुनासोका सम्बन्धमा उठाइएको टिप्पणी

यस सचिवालयबाट तयार पारिएको संक्षिप्त व्यहोरा निम्नानुसार छ :-

(क) घटनाक्रमको सिलसिलेवार विवरण ।

**२०८३ बैशाख ११ गते :**

जिल्ला प्रशासन कार्यालय, काठमाडौँले आगामी बैशाख १२ गते बिहानदेखि काठमाडौँका विभिन्न स्थानमा रहेका सुकुमबासी बस्तीका टहराहरू हटाउने निर्णय गरेको जानकारी प्राप्त भयो ।

सो सूचना पश्चात् सचिवालयमा आकस्मिक बैठक बसी उक्त कार्यबाट सिर्जना हुन सक्ने सम्भावित जोखिम र प्रभावित परिवारहरूको वैकल्पिक व्यवस्थापनका विषयमा छलफल गरियो ।

**२०८३ बैशाख १४ गते:**

माननीय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रीज्यूसँग विशेष विषयगत छलफल सम्पन्न भयो । छलफलका क्रममा बस्ती विस्थापन गर्दा सबैभन्दा बढी जोखिममा पर्ने वर्गको संरक्षणका लागि मन्त्रालयको ध्यानाकर्षण गराइयो ।

**२०८३ बैशाख १७ गते:**

- **विशेष ध्यानाकर्षण:** काठमाडौँ उपत्यका विकास प्राधिकरण (**KPVT**) बाट लै.त.यौ.अ. सुकुमबासीहरूका विशिष्ट समस्या र उनीहरूमाथि पर्न सक्ने विभेदका बारेमा सचिवालयको ध्यानाकर्षण गराइयो ।
- **निर्णय:** प्रभावित क्षेत्रका लै.त.यौ.अ. सुकुमबासीहरूको वास्तविक अवस्था पहिचान गर्न सचिवालयको नेतृत्वमा विस्तृत तथ्याङ्क संकलन गर्ने निर्णय गरियो ।
- **सूचना संकलन प्रारम्भ:** वास्तविक वस्तुस्थितिको जानकारी लिन आन्तरिक सञ्जाल परिचालन गरी प्रारम्भिक सूचना संकलनको कार्य सुरु गरियो ।
- सुकुमबासी बस्ती विस्थापनका क्रममा लै.त.यौ.अ. जनसंख्याले भोग्नुपर्ने विशिष्ट चुनौती र उनीहरूको अधिकार संरक्षणका विषयमा सघन छलफल गरियो ।

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

# भूमिका श्रेष्ठको सचिवालयको टिप्पणी पर्चा

**२०८३ बैशाख २१ गते:**

गएको बैशाख १८ गते प्रारम्भिक सम्पर्कमा आउनुभएका श्री बाबु दुमी राईसँग सचिवालयमा प्रत्यक्ष भेटवार्ता भयो। उक्त भेटमा सुकुमबासी बस्तीका लै.त.यौ.अ. बासिन्दाहरूको वर्तमान अवस्था, उनीहरूको माग र कानुनी उपचारका सम्भावित पाटाहरूका बारेमा सघन संवाद गरियो।

**२०८३ बैशाख २२ गते:**

आन्तरिक सञ्जाल र छलफलहरूबाट लै.त.यौ.अ. सुकुमबासीको वास्तविक अवस्थाबारे स्पष्ट तथ्याङ्क प्राप्त हुन नसकेकोले लै.त.यौ.अ. सुकुमबासीका समस्याहरूलाई सरकार समक्ष पेश गर्न आफ्ना समस्या तथा विवरणहरू आधिकारिक रूपमा दर्ता गराउन सबै सरोकारवालाहरूलाई आधिकारिक सामाजिक सञ्जाल मार्फत् सार्वजनिक आह्वान जारी गरियो।

**(ख) सम्पर्कमा आएका व्यक्ति।**

सम्बद्ध व्यक्तिहरूको वैयक्तिक गोपनीयता संरक्षणका लागि यस टिप्पणीमा सांकेतिक नाम प्रयोग गरिएको छ । निजहरूको वास्तविक पहिचान खुल्ने विस्तृत विवरण गोप्य अनुसूचीका रूपमा संलग्न गरिएको छ ।

यी विवरण सूचनादाता स्वयंले फोनमार्फत् उपलब्ध गराएको जानकारीका आधारमा तयार पारिएको हो। E&OE.

**सांकेतिक नाम मनोहरा (क), (ख), (ग):**

- मनोहराको सुकुमबासी बस्तीमा बसोबास गरिरहेको।
- बस्ती भत्काइएको कारणले हाल साथीको घरमा बसोबास गरिरहेको।
- अन्यत्र डेरा पाउन गाह्रो भएको।
- लैङ्गिक पहिचानका कारण पनि थप चुनौती रहेको।

**सांकेतिक नाम थापाथली (क) :**

- मूल वतन जनकपुर रहेको।
- बधाई माग्ने काम गरेको।
- थापाथली सुकुमबासी बस्तीमा बसोबास गरेको।

**सांकेतिक नाम थापाथली (ख) :**

- थापाथली सुकुमबासी बस्तीमा बसोबास गरेको।

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

**सांकेतिक नाम रामधुनी (क) :**

- परिवारसँग ४ पुस्ता देखि सुकुमबासी बस्तीमा बसोबास गरिरहेको।
- हालसालै सोही स्थानमा पक्की घर बनाएको।
- अन्यत्र कतै घरजग्गा नभएको।

**सांकेतिक नाम लेले (क) :**

- घर बस्नै नसक्ने अवस्थामा रहेको, आर्थिक अभावका कारण पुनःनिर्माण गर्न नसकेको।
- आफ्नो नाममा पुर्जा नभएको।
- दाइ वा हजुर आमाको नाममा रहेको गुथिको जग्गा।

**सांकेतिक नाम विराटनगर (क) :**

- २० वर्ष देखि सोही स्थानमा बसोबास गर्ने गरेको।
- अन्यत्र घर जग्गा नभएको।

**(ग) विश्लेषण :-**

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२क., ५२ख. तथा ५२ग. मा भूमिहीन दलित, भूमिहीन सुकुमबासी एवं अव्यवस्थित बसोबासी सम्बन्धी विशेष व्यवस्था गरेको पाइन्छ। हालसालै सरकारले केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ बाट यस ऐनका केही प्रावधानहरू फेरबदल गरेको छ।

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को स्पष्टिकरण खण्डमा भूमिहीन सुकुम्बासीलाई नेपाल राज्यभित्र आफ्नो वा आफ्नो परिवारको स्वामित्वमा जग्गा जमिन नभएको र आफ्नो वा आफ्नो परिवारको आय आर्जन, स्रोत वा प्रयासबाट जग्गाको प्रबन्ध गर्न असमर्थ व्यक्ति सम्झनु पर्छ र सो शब्दले निजप्रति आश्रित परिवारका सदस्य समेतलाई जनाउने भनी परिभाषित गरेको पाइन्छ।

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को स्पष्टीकरण (ख) मा 'परिवार' भन्नाले भूमिहीन सुकुम्बासी वा अव्यवस्थित बसोबासीको "पति, पत्नी, बाबु, आमा र छोरा, छोरी" सम्झनु पर्ने उल्लेख छ। ऐनको यस परिभाषाले लै.त.यौ.अ. जनसंख्या भित्र महिला र पुरुष लैङ्गिक पहिचान भएका समूह/उप-समूह, जस्तै :- पारलैङ्गिक महिला वा पारलैङ्गिक पुरुषलाई समेट्दछ। तर यसले महिला र पुरुष बाहेकको लैङ्गिक पहिचान अर्थात् गैर-द्वयसांखिक (Non-binary) लैङ्गिक पहिचान भएका व्यक्तिहरूलाई वहिष्करणमा पारेको छ। विशेषतः नागरिकता प्रमाणपत्रमा महिला र पुरुष बाहेकको लैङ्गिक विवरण उल्लेख भएका नागरिकहरूको हकमा "पति-पत्नी" वा "छोरा-छोरी" जस्ता शब्दावलीहरूले उनीहरूको कानुनी अस्तित्व र पारिवारिक सम्बन्धलाई सम्बोधन गर्न नसक्दा भूमि अधिकारको प्राप्तिमा संरचनात्मक बाधा सिर्जना भएको छ।

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

यसका साथै, प्रचलित कानुनले समलैङ्गिक विवाहलाई पूर्ण रूपमा कानुनी मान्यता दिई नसकेका कारण, जोडीका रूपमा सँगै बसोबास गरिरहेको भए तापनि ऐनको 'परिवार' को परिभाषाले उनीहरूलाई समेट्न सक्दैन। परिणामतः, उनीहरूको कानुनी अस्तित्व र पारिवारिक सम्बन्धलाई सम्बोधन गर्न नसक्दा भूमि अधिकारको प्राप्तिमा संरचनात्मक बाधा सिर्जना भएको छ।

केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ मार्फत भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. मा थप गरिएको उपदफा (४क) ले नदी किनार, ताल तलैयाको किनार, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र, सडकको मापदण्डभित्र वा अन्य जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित वा भूमिहीन सुकुम्बासीहरूलाई अन्यत्रै बसोबासको व्यवस्था मिलाउनुपर्ने व्यवस्था सुनिश्चित गरिएको छ।

केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश, २०८३ मार्फत थप गरिएको दफा ५२ग१. ले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्थापनका लागि एक महत्त्वपूर्ण प्रशासनिक खाका तयार गरेको छ। यस प्रावधान अनुसार नेपाल सरकारले केन्द्र र जिल्ला तहमा समिति वा कार्यदल गठन गर्न सक्ने व्यवस्था छ, जसलाई लक्षित वर्गको पहिचान गर्ने, लगत संकलन गर्ने, जग्गाको पहिचान र स्थलगत अध्ययन गरी प्रमाणका आधारमा जग्गा उपलब्ध गराउने पूर्ण जिम्मेवारी दिइएको छ। उक्त समिति वा कार्यदलको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुने गरी प्रत्यायोजन गरिएको छ। यसका अतिरिक्त, यो प्रावधानले विगतमा विभिन्न आयोग वा कार्यदल मार्फत वितरण गरिएका जग्गाहरूको स्वामित्व, दर्ता श्रेस्ता वा नक्सा प्रमाणीकरणमा देखिएका कानुनी तथा प्राविधिक समस्याहरूको समाधान गर्ने अधिकार समेत वर्तमान समिति वा कार्यदललाई प्रदान गरी विगतका त्रुटीहरू सच्याउने मार्ग प्रशस्त गरेको छ।

त्यसै गरी सर्वोच्च अदालतले रिट नं. ०८२-WO-११६५, ०८२-WO-११६७ र ०८२-WO-१२३७ मा मिति २०८३/०१/२५ गते सरकारको नाउँमा अन्तरिम आदेश जारी गरेको छ। उक्त आदेशमा सुकुम्वासी र अव्यवस्थित बसोवासीहरूलाई कानूनको उचित प्रक्रिया (Due Process) पूरा नगरी र वैकल्पिक व्यवस्था नगराई उनीहरू बसोबास गरिरहेको ठाउँबाट जबरजस्ती नहटाउनु र विस्थापित नगर्न भनिएको छ। त्यसै गरी रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म सुकुम्वासी बस्तीहरूमा डोजर लगाएर संरचनाहरू नभत्काउन आदेश गरिएको छ। विस्थापित नै भइसकेका सुकुमबासीहरूको आवास, शिक्षा, स्वास्थ्य र खाद्यान्न जस्ता आधारभूत मानवीय आवश्यकताहरू पूरा गर्न तत्काल प्रभावकारी कदम चाल्न भनिएको छ।

सम्पर्कमा आएका कतिपय व्यक्तिहरू आफ्नो सम्पूर्ण विवरण खुलाउन हिच्किचाउने गरेका छन्। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक भएकै कारण भोग्नुपर्ने दोहोरो विभेद र सामाजिक असुरक्षा नै यसको मुख्य कारण हुन सक्छ। विगतमा राज्यका संयन्त्र वा सामाजिक निकायहरूबाट भोगेका

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

विभेदपूर्ण र अपमानजनक अनुभवका कारण पनि विवरण सङ्कलन प्रक्रियाप्रति अविश्वास रहेको पाइन्छ।

लै.त.यौ.अ. अन्तर्गत कतिपय पारलैङ्गिक (Transgender) तथा गैर-द्वयसांखिक (Non-binary) व्यक्तिहरूको नागरिकता प्रमाणपत्रमा उनीहरूलाई जन्मँदा इङ्गित गरिएको लैङ्गिकता (gender assigned at birth) अनुसारको एउटा नाम र लैङ्गिक विवरण रहेको, र हालको पहिचान गर्ने नाम र लैङ्गिक विवरण फरक भएको अवस्थामा, प्रशासनिक झन्झट, पहिचानको सङ्कट र बहुआयामिक व्यावहारिक चुनौतीहरू सिर्जना भएका छन्।

<u>(घ) राय तथा सुझाव :-</u>

क. परिवारको संरचना केवल महिला र पुरुषको द्वयसांखिक (Binary) घेराभित्र मात्र सीमित हुँदैन; गैर-द्वयसांखिक (गै.द्व.) लैङ्गिक पहिचान भएका व्यक्तिहरू पनि परिवारका अभिन्न अङ्ग हुन्। प्रचलित ऐनले गै.द्व. व्यक्तिहरूको अस्तित्व र उपस्थितिलाई नजरअन्दाज गर्दा गै.द्व. व्यक्तिहरूलाई संरचनात्मक वहिष्करण (Structural Marginalization) मा धकेल्छ, जसका कारण उनीहरू समानताको संवैधानिक अधिकार र राज्यद्वारा प्रदत्त अवसरहरू उपभोग गर्नबाट पूर्ण रूपमा वञ्चित हुन पुग्दछन्। त्यसै गरी, समलैङ्गिक विवाहलाई कानुनी मान्यता दिने सवाल पृथक् कानुन संशोधनको विषय हुन सक्दछ। तथापि, सर्वोच्च अदालतले रजनी शाहीको मुद्दा (नेकाप २०७०, अङ्क १, निर्णय नं. ८६४५) मा उमेर पुगेका वयस्क व्यक्तिहरू आफ्नो मञ्जुरीले सहवास (Cohabitation) मा बस्न पाउने अधिकारलाई न्यायिक रूपमा स्थापित गरिसकेको छ। अतः उक्त स्थापित नजिरको मर्म र धरातलीय यथार्थलाई दृष्टिगत गर्दै, भूमि अधिकारको प्रयोजनका लागि 'परिवार' को परिभाषाभित्र जोडीका रूपमा सँगै सहवास गरिरहेका समलैङ्गिक जोडीहरूको अवस्थालाई समेत समावेश गर्नु न्यायोचित र वाञ्छनीय देखिन्छ। अतः भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को स्पष्टीकरण खण्डको बुँदा (ख) मा रहेको **"परिवार"** को परिभाषालाई समावेशी बनाउन उक्त बुँदाको अन्त्यमा **", र यस शब्दले उक्त परिवारका गैर-द्वयसांखिक दम्पती, अभिभावक र सन्तान, एवं जोडीका रूपमा सहवास गरिरहेका समलैङ्गिक जोडीलाईलाई समेत जनाउँदछ"** भन्ने वाक्यांश थप गर्नु उपयुक्त हुन्छ।

ख. सामाजिक लाञ्छना र दोहोरो विभेदको भयका कारण लै.त.यौ.अ. व्यक्तिहरू विवरण खुलाउन हिच्किचाउने धरातलीय यथार्थलाई मध्यनजर गर्दै, **विवरण सङ्कलन प्रक्रियामा लै.त.यौ.अ. व्यक्तिको पहिचानको गोपनीयता कायम राख्ने** कानुनी र व्यावहारिक सुनिश्चितता राज्यका तर्फबाट प्रदान गर्नु उपयुक्त हुन्छ।

ग. सुकुम्बासी समस्याको समाधान र वैकल्पिक व्यवस्थापनको प्रक्रियामा अन्तरसम्बन्धित दृष्टिकोण (Intersectional Approach) अपनाउनु अनिवार्य रहेको। भूमि अधिकारको सुनिश्चितता

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

गर्दा लै.त.यौ.अ., अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति र विविध समूहका विशिष्ट आवश्यकताहरूलाई छुट्टाछुट्टै पहिचान गरी सोही अनुसारका संरक्षणका उपायहरू अवलम्बन गर्नु उपयुक्त हुन्छ ।

घ. सुकुम्बासी समस्यालाई केवल तत्कालको प्रशासनिक व्यवस्थापन वा जग्गा वितरणको प्राविधिक कार्यका रूपमा मात्र नहेरिएर, यसलाई संरचनात्मक सीमान्तकरण (Structural Marginalization) का कारण निरन्तर उत्पादन र पुनरुत्पादन भइरहने एक गतिशील र प्रणालीगत समस्याका रूपमा बुझी राज्यको नीति तत्कालीन राहत वा विस्थापनमा मात्र सीमित नभई सुकुम्बासी सिर्जना गराउने अन्तर्निहित संरचनात्मक कारकहरूको दीर्घकालीन सम्बोधनतर्फ केन्द्रित गर्नु उपयुक्त हुन्छ ।

**टिप्पणी प्रस्तुतकर्ता**

..............................

रुक्शना कपाली
सचिवालय प्रमुख
प्रमुख कानून तथा नीति विश्लेषक

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat

# भूमिका श्रेष्ठको सचिवालयको टिप्पणी पर्चा

### अनुसूची

| क्र.सं. | सांकेतिक नाम | वास्तविक नाम | नागरिकता प्रमाणपत्रमा उल्लेख वतन : | सम्पर्क |
|---|---|---|---|---|
| १. | सांकेतिक नाम मनोहरा (क) | [redacted] | [redacted] | [redacted] |
| २. | सांकेतिक नाम मनोहरा (ख) | [redacted] | [redacted] | [redacted] |
| ३. | सांकेतिक नाम मनोहरा (ग) | [redacted] | [redacted] | [redacted] |
| ४. | सांकेतिक नाम थापाथली (क) | [redacted] | [redacted] | [redacted] |
| ५. | सांकेतिक नाम थापाथली (ख) | [redacted] | [redacted] | [redacted] |
| ६. | सांकेतिक नाम रामधुनी (क) | [redacted] | [redacted] | [redacted] |
| ७. | सांकेतिक नाम लेले (क) | [redacted] | [redacted] | [redacted] |
| ८. | सांकेतिक नाम विराटनगर (क) | [redacted] | [redacted] | [redacted] |

उल्लेखित विवरण सूचनादाता स्वयंले फोनमार्फत् उपलब्ध गराएको जानकारीका आधारमा तयार पारिएको हो। E&OE.

भूमिका श्रेष्ठको सचिवालय
Bhumika Shrestha's Secretariat